# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

**कृषि तथा पशुजन्य बस्तुको निकासी सम्बन्धी कर संकलनका लागि दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०८१ /०३/१४)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ को व्यवस्था बमोजिम आर्थिक वर्ष २०८१/८२ कोलागि यस नगरपालिकाको **कृषि तथा पशुजन्य बस्तुको निकासी सम्बन्धी कर संकलन** असुली सम्वन्धी कार्य ठेक्का मार्फत बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/८० को करचुक्ता प्रमाण पत्र, कानूनी रुपमा योग्य रहेको घोषणापत्र, अख्तियारिनामा र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र प्रक्रियामा सहभागी हुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरीएको छ ।

**तपशिल :**

| क्र. सं. | आन्तरिक आय ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) रु. | धरौटी रकम (रु.) | दरभाउपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १ | NCB/IR/GM/**04**/2081/82 | **कृषि तथा पशुजन्य बस्तुको निकासी सम्बन्धी कर** | २,००,०००।- ( दुई लाख मात्र ) | १२,,०००।- | १,०००।- |

**शर्तहरु :**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, दरभाउपत्र फाराम दस्तुर वापत एन.आई.सी.एशिया बैंक, अत्तरिया शाखा कार्यालयमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ०७१२०५१४९८६२२०११ मा नगद जम्मा गरेको सक्कल भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ७ औं दिन सम्म गोदावरी नगरपालिका कार्यालयको https://godawarimunkailali.gov.np बाट सिलवन्दी दरभाउपत्र सम्वन्धी कागजातहरु डाउनलोड गर्न सक्ने व्यवस्था गरिएको छ । तोकिएको वोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंकमा रहेको आन्तरिक राजश्व खाता नं. ०७१२०५१४९८६२२०११ मा जम्मा गरेको भौचरलाई सिलबन्दी दरभाउ पत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । सिलवन्दी दरभाउ पत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा हुन गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

हरिदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

२. सिलबन्दी दरभाउपत्र सम्बन्धी फारामै भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । तोकिएको धरौटी रकम यस कार्यालयको एन.आई.सी.एशिया बैंक, अत्तरिया शाखा कार्यालयमा रहेको धरौटी खाता नं. ७१४१४९८६२२५२४००१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकवाट ईजाजतप्राप्त क वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र खोल्ने दिनदेखि १२० (एक सय बीस) दिनको म्याद सहित जारी गरिएको बिड वण्ड पेश गर्नुपर्नेछ ।

३. खरिद गरेको दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी दरभाउपत्र दाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराईटरको नाम, ठेगाना, फोन नं./मोबाईल नं., इमेल ठेगाना समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ औं दिन दिनको १२:००. बजे भित्र गोदावरी नगरपालिका कार्यालयमा दर्ता गर्नुपर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे देखि बोलपत्र पेश गर्ने व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. बोलपत्र सम्वन्धी विस्तृत जानकारी दरभाउपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय वाध्य हुनेछैन । दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. दरभाउपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कवोल अंकको प्रथम किस्ता वापत ३० (तिस) प्रतिशतले हुने रकम र सोको मू.अ. कर वापतको रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो तथा तेश्रो किस्तावापत ७० (सत्तरी) प्रतिशतले हुने मू.अ.कर समेतको रकम नेपाल राष्ट्र बैंकवाट ईजाजत प्राप्त क वर्गको वाणिज्य वैंकवाट यस कार्यालयको नाममा २०८१ साल आषाढ मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । दरभाउपत्र कवोल गर्ने व्यक्ति वा फर्मले कवोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ (तेह्र) प्रतिशत रकम समेत सोही बमोजिम यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्र दाताले छुट्टै बुझाउनुपर्नेछ ।

हरिदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार दरभाउपत्र वन्दोवस्त गरिनेछ ।

८. ठेक्का अवधी सम्झौता भएका मितिदेखि वा २०८१ श्रावण ०१ गतेदेखी २०८२ सालको आषाढ मसान्तसम्म हुनेछ ।

९. कबोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा ५% सम्म रकम छुट दिन सकिनेछ तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनका लागि भने छुट दिईने छैन ।

१०. कबोल दाताले नेपाल सरकार तथा गोदावरी नगरपालिकाको कार्यालय, कैलालीले समय समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ । साथै कार्यालय तथा ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा यस नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

११. बुँदा नं. १० बमोजिम एकमुष्ट रकम नबुझाएमा कूल कबोल अङ्कमध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाकी रकमको ठेक्का अवधिमा एक महिना थप अवधिसम्मको गोदावरी नगरपालिकाले तोकेको निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गका वाणिज्य वैंकको जमानत ( परफमेन्स वण्ड) पेश गरे पश्चातमात्र ठेक्का सम्झौता गरी चलानपुर्जी दिईनेछ ।

१२. ठेक्का रकमको भुक्तानी तालिका देहायअनुसार हुनेछ :

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम |
|---|---|---|
| पहिलो | सम्झौता हुँदाका बखत | कबोल अंकको ३०% ले हुन आउने रकम तथा सो को मू.अ.कर समेत |
| दोश्रो | २०८१ साल पौष मसान्तभित्र | कबोल अंकको ४०% ले हुनआउने रकम तथा सो को मू.अ.कर समेत |
| तेश्रो | २०८२ साल ज्येष्ठ मसान्तभित्र | कबोल अंकको ३०% ले हुनआउने रकम तथा सो को मू.अ.कर समेत |

१३. तोकिएको समयमा कार्यालयलाई ठेक्का रकम नबुझाएमा वार्षिक १० (दश) प्रतिशत्का दरले हर्जाना सहित असूल उपर गरिनेछ ।

१४. कबोल दाताले सम्झौतापत्रमा/पट्टापुर्जीमा तोकिएका बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा मात्र कर संकलन गर्नु पर्नेछ । सो भन्दा फरक हुने गरी कर शुल्क संकलन गरेमा नियमानुसार कारवाही हुनेछ ।

१५. प्रचलित नियमानुसार कालोसूचीमा परेका र यस नगरपालिका कार्यालयलाई बुझाउनु पर्ने बाकी वक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

हरिदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

१६. यस नगरकार्यपालिकाको कार्यालयले तोकेको कर संकलन गर्ने रसिदहरु कबोल दाताले आफ्ना तर्फवाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ । कार्यालयवाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिनेछ ।

१७. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट तगारो राखी कर संकलन गर्न पाईने छैन ।

१८. कबोल दाताले नगरपालिको राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्ने छ र राजश्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलनकार्य गराउनु पर्नेछ ।

१९. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनकालागि अभिन्न अंगको रुपमा मानिनेछन् ।

२०. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

२१. एक पालिका वाट कर असुली भई आएमा यस पालिका वाट कर असुली गर्न पाईने छैन ।

प्रमुख प्रशासकीय अधिकृत

हरिदत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत